# सहकारी संस्था वा संघ लगत सुचिकरण फाराम् २०७३ भर्ने निर्देशिका

सहकारी संस्था वा संघ सूचीकरण फाराम , २०७३ भर्दा यो निर्देशिका बमोजिम भर्नुपर्ने छ । यो फाराम भर्दा यस फारामलाई कुनै पनि परिवर्तन गर्न पाइने छैन । फाराम भर्दा नेपालीमा लेख्नु पर्ने अक्षर Peeti Font मा र अंक अंग्रेजीमा लेख्नुपर्नेछ । यो फारामको Soft Copy यस मन्त्रालयको Website: www.mocpa.gov.np मा राखिनेछ । सो Soft Copy अनुसार प्रत्येक जिल्लास्थित सहकारी कार्यालयहरू भरी Soft Copy विभागमा पठाउनु पर्नेछ र विभागले एकिकृत विवरण तयार गरी Email मार्फत यस मन्त्रालयको अनुगमन , मूल्याङ्कन तथा अनुसन्धान शाखामा पठाउनु पर्नेछ ।यस फर्मेटमा सहकारी संस्था वा संघ सम्वन्धी सम्पूर्ण तथ्यांकीय विवरणहरु नसमेटीएकोले हाल जिल्लास्थित कार्यालयहरूले राख्दै आएका तथ्यांकीय विवरणहरु यथावतै राख्नुपर्नेछ ।

**महल नं. १:** यस महलमा क्रम संख्या उल्लेख गर्ने जस्तैः १, २, ३,..... । यदि एउटै कार्यालयले दुई वटा वा सो भन्दा बढी जिल्ला हेर्ने भएमा अर्को जिल्लाको शुरू गर्दा पुनः १, २, ३,..... गरी उल्लेख गर्ने ।

**महल नं. २:** यस महलमा सहकारी संस्था वा संघको नाम उल्लेख गर्ने ।

**महल नं. ३:** यस महलमा सहकारीको दर्ताको किसिम उल्लेख गर्ने, सहकारीहरूको दर्ताको किसिम उल्लेख गर्दा तलको कोड नं. हेरी अंक मात्रै उल्लेख गर्ने जस्तैः प्रारम्भिक संस्था भए १, विषयगत संघ २, जिल्ला सहकारी संघ ३ उल्लेख गर्ने यसरी नै अन्य पनि कोड हेरी उल्लेख गर्ने ।

**महल नं. ४:** यस महलमा सहकारीको प्रकृति उल्लेख गर्ने, सहकारीहरूको प्रकृति उल्लेख गर्दा तलको कोड नं. हेरी अंक मात्रै उल्लेख गर्ने जस्तैः बचत तथा ऋण सहकारी संस्था भए यस महलमा १ , स्वास्थ्य सहकारी संस्था भए २, उपभोक्ता सहकारी संस्था भए ३ उल्लेख गर्ने यसरी नै अन्य पनि कोड हेरी उल्लेख गर्ने । यदी कृषि, दुग्ध वा अन्य कुनैको नाम अगाडी राखी बहुउद्देश्यीय सहकारी संस्था संचालन गरेको भए बहुउद्देश्यीयको कोड १९ उल्लेख गर्ने ।

**महल नं. ५:** यस महलमा दर्ता हुँदा कायम भएको दर्ता नं. उल्लेख गर्ने ।

**महल नं. ६:** यस महलमा दर्ता भएको कार्यालयको नाम उल्लेख गर्ने ।

**महल नं. ७:** यस महलमा संस्था दर्ता भएको मिति वि. सं. सहित महिना र गते उल्लेख गर्ने ।

**महल नं. ८:** यस महलमा संस्था वा संघ रहेको जिल्लाको नाम उल्लेख गर्ने ।

**महल नं. ९:** यस महलमा जिल्लाको कोड नं. उल्लेख गर्ने । (यो कोड मन्त्रालयको Website मा राखिएको छ ।)

**महल नं. १०:** यस महलमा संस्था वा संघ रहेको गा.वि.स./न.पा. उल्लेख गर्ने ।

**महल नं. ११:** यस महलमा गा.वि.स./न.पा. को कोड नं. उल्लेख गर्ने ।(यो कोड मन्त्रालयको Website मा राखिएको छ।)

**महल नं. १२:** यस महलमा संस्था वा संघ रहेको वडा नं. उल्लेख गर्ने ।

**महल नं. १३:** यस महलमा संस्था वा संघ रहेको टोलको नाम उल्लेख गर्ने ।

**महल नं. १४:** यस महलमा संस्था वा संघको फोन नं. नभए अध्यक्षको मोबाईल नं. उल्लेख गर्ने ।

**महल नं. १५:** यस महलमा सहकारीको अवस्था उल्लेख गर्ने, सहकारीहरूको अवस्था उल्लेख गर्दा तलको कोड नं. हेरी अंक मात्रै उल्लेख गर्ने जस्तैः महल नं. २ मा उल्लेख गरेको सहकारी , सहकारी ऐन, २०४८ र सहकारी नियमावलीले परिभाषा गरे अनुसार सक्रिय भए यस महलमा १ , निश्क्रिय भए २ , समस्याग्रस्त (सदस्यहरूको बचत फिर्ता गर्न नसकी वित्तीय रूपमा संकटमा परेका वा उद्देश्य अनुसार व्यवसाय सञ्चालन गर्दागर्दै वा गरेको अवस्थामा वित्तीय संकटमा परी व्यवसाय बन्द गरेका वा गर्नपर्ने अवस्थामा रहेका संस्था वा संघलाई सम्झनुपर्दछ ।) भए ३, फरारको सूचीमा रहेको (कार्यालय बन्द गरी सञ्चालकहरू खोजी गरेका बखत फेला नपरेका संस्था वा संघलाई सम्झनुपर्दछ ।) भए ४ र कुनै पनि विवरण थाहा नभएको भए ५ उल्लेख गर्ने।

**महल नं. १६:** महल नं. १५ मा निश्क्रियको कोड नं. २, समस्याग्रस्तको कोड नं. ३, फरारको सूचीमा रहेकोको कोड नं. ४ र विवरण थाहा नभएको कोड नं. ५ आएमा यस महलमा निश्क्रिय रहेको, समस्याग्रस्त अवस्थामा रहेको, फरारको सूचिमा रहेको वा विवरण थाहा नभएको कुन साल देखि हो सो वि. सं. मा उल्लेख गर्ने । यो अवस्था भएको सहकारी संस्था वा संघ आएमा महल १७ देखि ३७ सम्मको संस्था वा संघको विवरण पछिल्लो प्राप्त भएको विवरण उल्लेख गर्ने ।

**महल नं. १७:** यस महलमा संस्था संञ्चालकहरूको संख्या मध्ये महिलाको संख्या उल्लेख गर्ने ।

**महल नं. १८:** यस महलमा संस्था संञ्चालकहरूको संख्या मध्ये पुरूषको संख्या उल्लेख गर्ने ।

**महल नं. १९:** यस महलमा महल नं. १७ र १८ जोड गरी जम्मा संख्या उल्लेख गर्ने ।

**महल नं. २०:** यस महलमा संस्थाका शेयर सदस्यहरूको संख्या मध्ये महिलाको संख्या उल्लेख गर्ने ।

**महल नं. २१:** यस महलमा संस्थाका शेयर सदस्यहरूको संख्या मध्ये पुरूषको संख्या उल्लेख गर्ने ।

**महल नं. २२:** यस महलमा महल नं. २० र २१ जोड गरी जम्मा संख्या उल्लेख गर्ने ।

**महल नं. २३:** यस महलमा संस्थाका कर्मचारीहरूको संख्या मध्ये महिलाको संख्या उल्लेख गर्ने ।

**महल नं. २४:** यस महलमा संस्थाका कर्मचारीहरूको संख्या मध्ये पुरूषको संख्या उल्लेख गर्ने ।

**महल नं. २५:** यस महलमा महल नं. २३ र २४ जोड गरी जम्मा संख्या उल्लेख गर्ने ।

**महल नं. २६:** यस महलमा सहकारी संघसंस्थाहरूको आ.व. ०७२/७३ को जम्मा शेयर पूँजी रू. हजारमा उल्लेख गर्ने।

**महल नं. २७:** यस महलमा सहकारी संघसंस्थाहरूको आ.व. ०७२/७३ को सबै किसिमको जम्मा बचत रकम रू. हजारमा उल्लेख गर्ने।

**महल नं. २८:** यस महलमा सहकारी संस्था वा संघको जगेडा कोष रकम रु. हजारमा उल्लेख गर्ने ।

**महल नं. २९:** यस महलमा सहकारी संघसंस्थाहरूको आ.व. ०७२/७३ को जम्मा ऋण लगानी रू. हजारमा उल्लेख गर्ने।

**महल नं. ३०:** यस महलमा सहकारी संघसंस्थाहरूको आ.व. ०७२/७३ को जम्मा अन्य लगानी रू. हजारमा उल्लेख गर्ने।

**महल नं. ३१:** यस महलमा महल नं. २९ र ३० जोड गरी जम्मा संख्या उल्लेख गर्ने ।

**महल नं. ३२:** यस महलमा सहकारी संघसंस्थाहरूको आ.व. ०७२/७३ को स्थिर सम्पत्ती बराबरको मूल्य रकम रू. हजारमा उल्लेख गर्ने ।

**महल नं. ३३:** यस महलमा सहकारी संघसंस्थालाई आ.व. ०७२/७३ मा लगानीबाट प्राप्त ब्याज आम्दानी रकम रू. हजारमा उल्लेख गर्ने ।

**महल नं. ३४:** यस महलमा सहकारी संघसंस्थाले आ.व. ०७२/७३ मा ब्याज बापत भुक्तानी गरेको रकम रू. हजारमा उल्लेख गर्ने ।

**महल नं. ३५:** यस महलमा सहकारी संघसंस्थाले आ.व. ०७२/७३ मा खरिद गरेको वस्तु र सेवाहरूको रकम रू. हजारमा उल्लेख गर्ने ।

**महल नं. ३६:** यस महलमा सहकारी संघसंस्थाले आ.व. ०७२/७३ मा बिक्री गरेको वस्तु र सेवनहरूको रकम रू. हजारमा उल्लेख गर्ने ।

**महल नं. ३७:** यस महलमा सहकारी संघसंस्थाको आ.व. ०७२/७३ को वासलातको सम्पत्ती वा दायित्वतर्फको कूल रकम रू. हजारमा उल्लेख गर्ने ।